माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०५ संख्याः ०४ मितिः २०७८।०८।०६

## भाग-२

सम्बत् २०७८ सालको निर्देशिका नं. २

## उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रम सञ्चालन निर्देशिका, २०७८

**प्रस्तावनाः** माछापुच्छ्रे गाउँपालिकामा लक्षित वर्ग तर्फ महिला तथा बालबालिकाहरुका लागि सञ्चालन गरिने कार्यक्रमहरुलाई व्यवस्थित एवम् प्रभावकारी ढंगले सञ्चालन गर्न निर्देशिका बनाई कार्यान्वय गर्न बाञ्छनीय देखिएकोले **माछापुच्छ्रे गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७४ को दफा** ४ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँ कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**- (१) यस निर्देशिकाको नाम **"उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रम सञ्चालन निर्देशिका, २०७८"** रहेको छ।

(२) यो निर्देशिका माछापुच्छ्रे गाउँ कार्यपालिकाबाट पारित भएका मिति देखि लागु हुनेछ।

**२. परिभाषाः**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) **"कार्यक्रम"** भन्नाले उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रम सम्झनु पर्दछ।

(ख) **"कार्यालय"** भन्नाले माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) **"गाँउसभा"** भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाँउसभालाई सम्झनु पर्दछ।

(घ) **"कार्यपालिका"** भन्नाले माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) **"अध्यक्ष"** भन्नाले माछापुच्छ्रे गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

स्थानीय राजपत्र माछापुच्छ्रे गाउँपालिका

(च) **"उपाध्यक्ष"** भन्नाले माछापुच्छ्रे गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(छ) **"सञ्चालक समिति"** भन्नाले दफा ५ बमोजिमको सञ्चालक समिति सम्झनु पर्दछ।

(ज) **"लैङ्गिक हिंसा"** भन्नाले कार्यास्थल, सार्वजनिक स्थल लगायत घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिकताको आधारमा हुने सबै प्रकारको हिंसा सम्झनु पर्दछ।

**३. कार्यक्रमको उद्धेश्य:**

(क) माछापुच्छ्रे गाँउपालिकाभित्र रहेका महिलाहरुको क्षमता अभिबृद्धि गर्दै आर्थिक रुपमा सबल सक्षम बनाउन उद्यमशिलताको विकास गर्ने।

(ख) लैङ्गिक विभेद हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सामाजिक रुपान्तरणको अभियान सञ्चालन गर्ने।

(ग) हिंसा पीडित तथा प्रभावितहरुका लागि राहत उद्धार र पुनर्स्थापना सेवा उपलब्ध गराउने।

(घ) बालबालिकाको अधिकारको प्रत्याभुती गराउँदै स्थानीय तहमा बालबालिकाको अर्थपूर्ण सहभागीताको सुनिश्चितता प्रदान गर्ने।

(ङ) बालमैत्रि शासनको अवधारणालाई अबलम्बन गर्दै बालमैत्रि गाउँपालिका निर्माण गर्ने।

**४. कार्यक्रमको क्षेत्रः** प्रस्तावनाको उद्धेश्य पुरा गर्न निम्न बमोजिमका आधारभुत कार्यक्रमका क्षेत्र तोकिएका छन्।

(क) सचेतनामुलक कार्यक्रमहरु

(ख) सिपमुलक तालिमहरु

(ग) आयमूलक कार्यक्रमहरु

(घ) हिंसा न्युनिकरण सम्बन्धि कार्यक्रमहरु

(ङ) सशक्तिकरणका कार्यक्रमहरु

(च) पुनर्स्थापना सम्बन्धि कार्यक्रमहरु

(छ) स्वास्थ्य सम्बन्धि कार्यक्रमहरु

**५. सञ्चालक समिति गठन सम्बन्धि व्यवस्था:-** सञ्चालक समितिमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन्:

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) सामाजिक विकास समिती संयोजक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका महिला सदस्य २ जना - सदस्य

(ङ) महिला सञ्जाल अध्यक्ष - सदस्य

(च) बाल सञ्जाल अध्यक्ष - सदस्य

(छ) सञ्चालक समितिले तोकेको महिला तथा वालवालिकाको क्षेत्रमा काम गरेको स्थानिय गैर सरकारी संघ/संस्थाको

स्थानीय राजपत्र मल्लिपुर गाउँपालिका

प्रतिनिधि १ जना -सदस्य

(ज) महिला बालबालिका तथा समाज कल्याण ईकाई

प्रमुख - सदस्य सचिव

माथि जुनसुकै कुरा लेखिएको भएतापनि विभिन्न विषयमा आवश्यक छलफल गर्नुपर्ने आवश्यकता देखिएमा बैठकमा सम्बन्धित विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ।

**६. सञ्चालक समितिको काम कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमको आवश्यक नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्न कार्यपालिकालाई सुझाव प्रदान गर्ने।

(ख) स्वीकृत भएको नीति योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(ग) सिप विकासका कार्यक्रमहरुको संचालन गरी सहि सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने ।

(घ) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु वीच समन्वय गर्ने ,

(ङ) लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सामाजिक रुपान्तरणको अभियान सञ्चालन गर्ने।

(च) बालबालिकाको अधिकारको प्रत्याभुती गराउदै स्थानीय तहमा बालबालिकाको अर्थपूर्ण सहभागीताको सुनिश्चितता प्रदान गर्ने।

(च) कार्यक्रमको उद्धेश्य अनुरुप कार्य गर्ने ।

**७. समितिको वैठक सम्बन्धी व्यवस्थाः** समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) समितिको वैठक कम्तीमा वर्षको ३ पटक र आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ख) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(ग) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**८. कार्यक्रम कार्यान्वयन गर्ने इकाईः-** उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रम गाँउपालिकामा रहेको महिला बालबालिका तथा समाजकल्याण इकाईद्वारा सञ्चालन गरिनेछ।

**९. कोष सम्बन्धी व्यवस्थाः-** यस निर्देशिकामा उल्लेखित क्रियाकलापको कार्यान्वयन गाँउपालिकाको बार्षिक बजेटबाट सञ्चालन गरिनेछ।

**१०. बाधा अड्काउ फुकाउने व्यवस्थाः-** यस कार्यक्रम कार्यान्वयन सम्बन्धी कुनै बाधा द्विविधा परेमा सोको व्याख्या गर्ने बाधा अड्काउ फुकाउने अधिकार गाँउ कार्यपालिकामा रहनेछ।

**११. संशोधन सम्बन्धी व्यवस्थाः-** यस निर्देशिका संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ।

स्थानीय राजपत्र मालिका गाउँपालिका

**१२. प्रचलित कानुन बमोजिमः-** यस निर्देशिकामा उल्लेख भएको विषयको हकमा यसै निर्देशिका बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

आज्ञाले

खेमराज देवकोटा

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र मालपुच्छे गाउँपालिका

मूल्यः रु. २०।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की